| | | |
|---|---|---|
| | | कार्यालय: |
| बाट: | प्र.प्र.का. कल्याण महाशाखा। | प्राथमिकता: |
| लाई: | अ.दु.अ.आ प्रहरी महाशाखा टंगाल, प्र.प्र.का प्र.म.नि को कार्यालय, सचिवालय, सबै बिभाग, निर्देशनालय, ब्यूरो ३, अ.अ बिद्यालय, महाशाखा ,शाखाहरु, रा.प्र.प्र.महाराजगंज, ने.प्र.अ महाराजगंज, राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय सिंहदरबार, स.प्र गण नं १ नक्शाल, के.प्र.बि कार्यदल कपन , ने.प्र संगित बिद्यालय,के.प्र.कु.ता स्कुल, ने.प्र.आ.उ मा.बि साँगा, म.न.प्र.का रानीपोखरी, प्रदेश प्रहरी कार्यालय सबै (७) , संघिय प्रहरी ईकाई कार्यालय सबै (१४) , म.न.प्र अपराध महाशाखा टेकु, परिसर सबै (३), जि.प्र.का सबै (७२) । | क्रम संख्या: ३५३२ |
| बोधार्थ: | प्र.प्र.का प्रशासन बिभाग। | मिति समय: २६९३२ |

प्रहरी कल्याण कोष संचालक समितिको मिती २०७४ साल श्रावण १२ गते आईतबारको बैठकले यस आ.ब २०७४/०७५ को लागि प्रहरी कर्मचारीहरुलाई सहुलियत किस्तावन्दी ऋण सुविधामा ऋण बितरणको लागि रकम विनियोजन भएको ब्यहोरा जानकारी गराउदै उक्त कार्यक्रम यहि मिति २०७४ भाद्र २७ गतेबाट संचालन हुने जानकारी गराईन्छ। उक्त कार्यक्रममा कल्याण महाशाखाबाट सि.प्र.अ. र जु.प्र.अ.को लागी हलुका सवारी (जिप/कार) र सकल दर्जाका कर्मचारीको लागि मोटरसाईकल / ल्यापटप / टि.भि (एल.ई.डी, स्मार्ट) / बासिङ मेसिन / फ्रिज सहुलियत किस्तावन्दी ऋण सुविधामा बितरण गरिने कार्यक्रम रहेको तथा कल्याण कोष कार्यबिधि २०७१ अनुसार इच्छुक प्रहरी कर्मचारीहरुले निम्न अवस्थामा सहुलियत किस्तावन्दी ऋण प्राप्त गर्न सक्ने भएको हुदा जानकारीको लागि नि.अनुरोध (०)

साथै सहुलियत किस्तावन्दी ऋण सुविधामा सामान लिन आउदा कल्याण कोष कार्यबिधि २०७१ को अनुसूची १० अनुसारको निबेदन र उक्त निबेदनमा उल्लेख भएका कागजात कार्यालयको पत्रसाथ ल्याउनुपर्ने भएको हुदा अनुसूची १० अनुसारको निबेदनको छांयाकपी समेत यसै संचार साथ संलग्न राखिएको एवम् उक्त अनुसूची १० को फर्म नेपाल प्रहरीको वेभसाइट www.nepalpolice.gov.np बाट समेत डाउनलोड गर्न सकिने ब्यहोरा समेत नि.अनुरोध (०)

**निम्न**

१ सहुलियत किस्तावन्दी ऋण सुविधामा हलुका सवारी (कार,जिप) लिनको लागि प्रहरी अधिकृतहरुको हकमा १० बर्ष नोकरी अवधी पुरा भई जुनिएर प्रहरी अधिकृतको हकमा ७ वर्ष, प्र.नि. देखि प्र.उ. सम्म ५ बर्ष र सो भन्दा माथि ३ बर्ष नोकरी अवधी बाँकी भएको हुनुपर्ने छ भने मो.सा, ल्यापटप, एल.ई.डी टि.भी, बासिङ मेसिन, फ्रिज आदि लिनको लागी ५ बर्ष नोकरी अबधी पुरा भएको हुनु पर्नेछ ।

२ सुहुलियत ऋण सुबिधमा सामान प्राप्त गर्न प्रहरी कर्मचारीले दरबन्दी वा कार्यरत स्थान बाट सिफारिस पत्र, तीनपुस्ते अभिलेख, सवारी साधनको हकमा लाईसेन्स (रिन्यू फेल नभएको), कल्याण कोष कार्यबिधी २०७१ को अनुसुची १० को फर्म रितपुर्वक भरी प्रहरी प्रधान कार्यालय कल्याण महाशाखामा पेश गर्नु पर्दछ।

३ प्रहरी कर्मचारीहरुले किस्ताबन्दीमा सामान लिंदा नयाँ सामानहरु मात्र प्राप्त गर्न सक्नेछन।

४ कल्याण कोषबाट अन्य सामान किस्तामा लिएको भएमा सो सामानको किस्ता चुक्ता भईसकेको हुनुपर्दछ।

५ प्रहरी कल्याणकोषबाट किस्ताबन्दीमा सामान लिन प्रहरी कर्मचारीहरुले किस्ता वापतको रकम तोकिएको किस्ता अवधिभन्दा अगावै रकम भुक्तानी गर्न चाहेमा सो समेत गर्न सक्नेछन।

६ ऋणीले सवारी साधनको हकमा अनिवार्य रुपमा क्षति कभर गर्ने गरि फुल इन्स्योरेन्स गर्नुपर्नेछ।

७ किस्ता बापतको रकम चुक्ता नहुन्जेल सवारी साधन प्रहरी कल्याण कोषको नाममा रहनेछ।

८ किस्ता रकम चुक्ता भएपछि सार्बजनिक बिदाको दिन बाहेक संधै नामसारी गर्न सकिनेछ।

९ किस्ताबन्दी सामान निकासा पूर्जि जारि भएको ७ दिन भित्र सामान लिईसक्नुपर्नेछ।

१० किस्ताबन्दी ऋण सुबिधामा उपलब्ध भएको सवारी साधन घरायसी प्रयोजन बाहेक भाडामा लगाउन पाईने छैन यदि लगाईएको पाईएमा बिभागिय कारबाही गरी तोकिएको हर्जाना ब्याज समेत तिराई तत्काल ऋण रकम असुल उपर गरिनेछ।

११ तोकिएको ऋण रकम भन्दा बढिको सामान लिंदा थप रकम ऋणी स्वयंले ब्यहोर्नु पर्नेछ।

१२ मासिक तिर्नुपर्ने किस्ता रकम आफ्नो दरबन्दिको लेखाशाखाबाट मासिक तलब भत्ताबाट कट्टा गरी प्रहरी कल्याणकोषको तोकिएको खातामा ABBS मार्फत अनिवार्य रुपमा प्रहरी कल्याण कोष नक्सालको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक खाता नं.११६००१६९८४१० अथवा नेपाल बैंक लिमिटेड डिल्लीबजारको खाता नं. ०३२०१००००६३३९४००००००१ मा जम्मा हुने गरी सो को सक्कलै भौचर पत्रसाथ संलग्न राखी ऋण लगाणी बुक नं तथा कम्प्युटर कोड अनिवार्य खुलाई यस शाखामा प्राप्त हुने गरी पठाउनु पर्नेछ।

१३ हलुका सवारी साधन कार, ल्यापटप, टि.भी (एल.ई.डी / स्मार्ट), वासिङ मेसिन, फ्रिज खरिद गर्दा कल्याण महाशाखामा सुचिकृत आपुर्तिकर्ता बाट मात्र खरिद गर्नु पर्ने भन्ने बाध्यात्मक अवस्था नरहेकोले खरिद गर्न चाहेको सामान उपत्यका भित्रको जुनसुकै स्थानबाट उपलब्ध गराउन सकिने तर खरिद कर्ताले खरिद गर्नु पुर्व आधिकारीक बिक्रेता वा सम्बन्धीत कम्पनीबाट कम्पनी रजिष्ट्रेसन, भ्याटप्यान दर्ता, २०७३/२०७४ को कर चुक्ता तथा सवारी साधनको हकमा प्रहरी कल्याण कोषको नाममा रहेको प्रमाणित भ्याटबिलको प्रतिलिपी र अन्य सामानहरुको हकमा सक्कलै भ्याट बिल उपलब्ध गराई प्रहरी कल्याण कोष नक्शाल संग समन्वय गरेर मात्र लिन सकिनेछ ।

१४ हलुका सवारी साधन (जिप/कार) को हकमा सवारी साधन खरिद मुल्यको ७०% ननाघ्ने गरी अधिकत्तम १५ लाख सम्म ऋण प्रदान गरिनेछ।

१५ कल्याणकोष बिशेष आर्थिक कल्याणकारी योजनाबाट ऋण सापटी नलिएको हुनुपर्नेछ।

१६ सामानको मुल्य भन्दा ऋण रकम बढी हुनेछैन।

१७ किस्ताबन्दीमा सामान उपलब्ध गराउदा पहिला निबेदन दर्ता गर्नेलाई पहिला सामान उपलब्ध गराउने प्रणाली अपनाईने छ।

१८ किस्तावन्दिमा सामान लिने प्रहरी कर्मचारी अवकाश भएमा वा कुनै कर्मचारीले ऋण चुक्ता हुनु अगावै नोकरी छाडेको अबस्थामा कल्याणकोषबाट Clearance Letter लिनुपूर्व बांकी सांवा व्याज एकमुष्ट बुझाउनुपर्नेछ .

१९ सवारी साधन किस्तावन्दीमा लिने प्रहरी कर्मचारीले नोकरी छोडी भागी ऋण नतिरेमा सवारी साधन कब्जामा लिइ लिलाम गरी असुल उपर गरिनेछ र सो रकम अपर्याप्त भएमा निजको घर ठेगानामा पत्राचार गरी असुल उपरको लागि लेखापढी गर्नुको साथै कानुन बमोजिम असुल उपरको लागि सम्बन्धित न्यायलयमा उजुरी दर्ता गरी असुल उपर गरिनेछ ।

२० किस्ताबन्दी सुबिधा लिने प्रहरी कर्मचारीको मृत्यू भएमा मृत्यू हुने कर्मचारीको हकवालाले प्राप्त गर्ने सुविधा निकासाको लागि Clearance Letter दिनुपुर्व हकवालाले बाँकी सांवा ब्याज फिर्ता गराउनु पर्नेछ ।

२१ अन्य अबस्थामा कानुन बमोजिम उपयुक्त प्रक्रिया अपनाई असुल उपर गरीनेछ ।

२२ किस्ताबन्दीमा सामान खरिदका लागि प्रहरी कल्याण कोषबाट दिइने सहुलियत ऋण,ब्याज दर,किस्ता संख्या, मासिक किस्ता रकम र अवधि निम्नानुसार रहेको छ ।

निम्न :-

| क्र.सं. | विवरण | प्रदान गरिने सहुलियत ऋण रकम | ब्याज दर | किस्ता संख्या | मासिक किस्ता रकम | अवधि |
|---|---|---|---|---|---|---|
| १. | हलुका सवारी(जिप/कार) | रु १५,०००००।- | ६% | १२० | रु.१६,६५३।- | १० बर्ष |
| २. | मोटरसाइकल | रु १,५०,०००।- | ६% | ४८ | रु.३,५२३।- | ४ बर्ष |
| ३. | ल्यापटप / टि.भि. (एल.ई.डी , स्मार्ट ) / वासिङ मेसिन | रु ५०,०००।- | ६% | २४ | रु.२,२१७।- | २ बर्ष |
| ४. | फ्रिज | रु २५,०००। | ५% | १८ | रु.१,४४५।- | १.५ बर्ष |

मिति :- २०७४/०५/२६ गते ।

प्रहरी बरिष्ठ उपरिक्षक
(प्रकाश जंग कार्की)

सन्देश पठाउनेको दर्जा सहितको हस्ताक्षर र मिति

रजिस्टर नं आदान/प्रदान/मि.स संचालक दर्जा

अनुसूचि - १०

किस्तावन्दी ऋण सापटी निवेदनको ढाँचा

**(खण्ड क: निवेदकले भर्ने)**

निवेदकको वर्किङ ड्रेस लगाएको पासपोर्ट साईजको फेटो टाँसी कार्यरत कार्यालयका प्रमुखले फोटो प्रमाणित गर्ने

श्री प्रहरी प्रधान कार्यालय,
कल्याण महाशाखा, नक्साल, काठमाण्डौ ।

मार्फत:.........................................................................

**विषय: .......................... खरिदको लागि ऋण सापटी पाउँ भन्ने सम्बन्धमा ।**

उपरोक्त विषयमा मलाई (सामानको नाम) खरिद गर्नकोलागि, मैले किस्तावन्दी कार्यक्रम अर्न्तगत पाउने रु........................................ (अक्षेरुपी रु. .......................................मात्र) किस्तावन्दी ऋण सापटी बार्षिक .......% का दरले लाग्ने व्याज सहित ........ वर्ष भित्र ................... किस्तामा कट्टा गर्न रु............................... (अक्षेरुपी रु ........................................मात्र) मेरो मासिक तलब भत्ताबाट किस्ता कट्टा हुने गरी, मैले पाउने किस्तावन्दी ऋण सापटी रकम मलाई उल्लेखित सामान उपलब्ध गराउने आपूर्तिकर्तालाई बैंक मार्फत भुक्तानी दिई सामान उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछु, ।

साथै सामान खरिद गर्न लिएको उक्त ऋण रकमको किस्ता चुक्ता नहुदै सेवाबाट अवकाश भएमा चुक्ता गर्न बाँकी सम्पूर्ण रकम म आफै बुझाउने छु र यदि नबुझएमा मेरो घर घरानाबाट असुल गरी लिएमा समेत मेरो मञ्जुरी छ, भनि तपसिल बमोजिमका विवरणहरु सहित यो निवेदन पेश गरेको छु ।

**१. सहुलियत ऋण सापटी माग गर्ने कर्मचारीको व्यक्तिगत विवरण:**

| | | | |
|---|---|---|---|
| (क) | दर्जा/व्यक्तिगत नम्बर: | | |
| (ख) | नाम थर: | | |
| (ग) | दरवन्दी: | | |
| (घ) | कार्यरत कार्यालय: | | |
| (ङ) | सुरु नियुक्ति दर्जा: | | |
| (च) | सुरु नियुक्ति मिति: | | |
| (छ) | बढुवा मिति: | | |
| (ज) | बाबुको नाम थर: | | |
| (झ) | बाजेको नाम थर: | | |
| (ञ) | जन्म मिति: | | |
| (ट) | स्थायी ठेगाना: | | |
| | अञ्चल : | जिल्ला : | न.पा. / गा.वि.स. : |
| | वडा नं. : | टोल : | घर नं. : |
| | फोन नं. | | |
| (ठ) | अस्थायी ठेगाना: | | |
| | अञ्चल : | जिल्ला : | न.पा. / गा.वि.स. : |
| | वडा नं. : | टोल : | घर नं. : |

| | |
|---|---|
| (ङ) | नगरिकता नम्बर/जारी भएको जिल्ला: |
| (ढ) | पसपोर्ट नम्बर/ जारी भएको जिल्ला: |
| (ण) | कम्प्यूटर कोड नम्बर: |
| (त) | कर्मचारी संचय कोष नम्बर: |
| (थ) | नागरिक लगानी कोष नम्बर: |
| (द) | स्थाई लेखा नम्बर: |

२. **यस भन्दा अगाडी प्रहरी कल्याण कोषबाट लिएको ऋणको विवरण:**

(क) ऋण लिएको छ / छैन:

(ख) ऋण लिएको भए लिएको मिति:

(ग) चुक्ता गरेको मिति:

३. **निवेदन साथ संलग्न कागजातहरु:**

(क) नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(ख) कर्मचारी परिचयपत्रको प्रमाणित प्रतिलिपि ।

(ग) कम्प्युटर कोड सहितको तीनपुस्ते अभिलेख ।

(घ) सवारी साधन माग गर्नेको हकमा सवारी चालक अनुमति पत्रको प्रमाणित प्रतिलिपि ।

४. माथि (पाना नम्बर १ र २ मा) उल्लेखित सम्पूर्ण विवरणहरु सहि छन् र प्रहरी कल्याण कोषको किस्तावन्दी ऋण सापटी शर्तनामा अनुसार सहुलियत ऋण लिनको लागि मञ्जुर छु भनि सहीछाप गर्दछु ।

**निवेदकको**

दर्जा, नामथर:

दरवन्दी:

कार्यरत कार्यालय:

| | |
|---|---|
| (दायाँ) | (वायाँ) |

सही (लेखात्मक) : ...............................................................(रेखात्मक)

नजिकको हकवालाको नाम, थर, वतन, मो.नं-

मिति:

**(खण्ड ख: सिफारिस गर्ने/ कार्यरत कार्यालयले भर्ने)**

५. निवेदकले उल्लेखित सामान खरिदको लागि किस्तावन्दी ऋण सापटी माग गरेको मितिमा नियमानुसार सेवा अवधी पुगेकोले निजलाई किस्तावन्दीमा माग अनुसारको सामान खरिद गर्न ऋण सापटी उपलब्ध गराई दिनुहुन सिफारिस गर्दछौं ।

| | | |
|---|---|---|
| अभिलेख रुजुगर्ने:<br>दर्जा, नाम थर:<br>व्यक्तिगत नम्बर:<br>दस्तखत:<br>मिति: | कार्यालयको छाप :- | कार्यालय प्रमुख:<br>दर्जा, नाम थर:<br>व्यक्तिगत नम्बर:<br>दस्तखत:<br>मिति: |

**(खण्ड ग: कल्याण महाशाखाले भर्ने)**

६. निवेदक प्र.......................................ले विशेष आर्थिक कल्याणकारी शाखाबाट सहुलियत ऋण सापटी लिई रकम तिर्नुपर्ने अभिलेखबाट नदेखिएको/देखिएको ब्यहोरा प्रमाणित गरिन्छ ।

| कम्प्युटर रुजु गर्ने : | प्रमाणित गर्ने: |
|---|---|
| नाम: | नाम: |
| दर्जा: | दर्जा: |
| ब्यक्तिगत नम्बर: | ब्यक्तिगत नम्बर: |
| दस्तखत: | दस्तखत: |
| मिति: | मिति: |

७. निवेदकको ब्यहोरा ठिक छ, निवेदक सामान खरिदका लागि किस्तावन्दी ऋण प्राप्त गर्न सक्ने ब्यक्ति हुन् र ऋण प्रवाहको लागि आवश्यक सम्पूर्ण कागजातहरु प्राप्त भएकाले किस्तावन्दी ऋण सापटी सुविधा रु.............................................. (अक्षरेपि रु..................................................मात्र) स्वीकृत हुन शिफारिस गर्दछौं ।

| अभिलेख रुजु गर्ने: | कल्याण महाशाखा, किस्तावन्दी शाखा प्रमुख: |
|---|---|
| नाम: | नाम: |
| दर्जा: | दर्जा: |
| ब्यक्तिगत नम्बर: | ब्यक्तिगत नम्बर: |
| दस्तखत: | दस्तखत: |
| मिति: | मिति: |

८. किस्तावन्दी ऋृण सापटी शिफारिस अनुसार किस्तावन्दीमा निवेदकको माग बमोजिमको सामान खरिदकोलागि किस्तावन्दी ऋृण सापटी रु..........................(अक्षेरुपि रु.....................................मात्र) स्वीकृत गरिएको छ ।

| किस्तावन्दी ऋृण सापटी स्वीकृत गर्ने कल्याण महाशाखाका: प्रमुख | |
|---|---|
| नाम: | |
| दर्जा: | |
| ब्यक्तिगत नम्बर: | |
| दस्तखत: | |
| मिति: | (कार्यालयको छाप) |